# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, असार १४ गते २०५६ साल (अतिरिक्ताङ्क १५

## भाग ३

### निर्वाचन आयोगको

#### सूचना १

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४१ को उपदफा (१) बमोजिम स्थगित सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ३ को लागि पुनः प्रकाशित निर्वाचन कार्यक्रम अनुसार विक्रम सम्वत् २०५६ साल असार १२ गते सम्पन्न मतदानको मतगणना परिणाम अनुसार नेपाली कांग्रेसका श्री लक्ष्मणप्रसाद मेहता प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनु भएकोले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ६७ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना २

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ग) बमोजिम राष्ट्रियसभाका सदस्यहरूमध्ये २०५६ साल असार १२ गते पदावधि पूरा भई पाँच विकास क्षेत्रमा रिक्त एक एक जना राष्ट्रियसभा सदस्यको स्थान पूर्ति गर्नको लागि विक्रम सम्वत् २०५६ साल असार १३ गते सम्पन्न भएको निर्वाचनमा निम्न विकास क्षेत्रबाट देहायबमोजिमका व्यक्तिहरू राष्ट्रियसभा सदस्यमा निर्वाचित हुनु भएकोले राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ३३ को उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| क.सं. | विकास क्षेत्र | निर्वाचित उम्मेदवारको नाम, थर र ठेगाना | राजनैतिक संगठन/दल |
|---|---|---|---|
| १. | पूर्वाञ्चल विकास क्षेत्र | श्री उत्तमकुमार महत क्षेत्री रामनगर–५ सिराहा | ने.क.पा. (एमाले) |
| २. | मध्यमाञ्चल विकास क्षेत्र | श्री केदारप्रसाद न्यौपाने हेटौंडा न.पा.–४, मकवानपुर | ने.क.पा. (एमाले) |
| ३. | पश्चिमाञ्चल विकास क्षेत्र | श्री रामचन्द्र भट्टराई बुटवल न.पा.–५, रुपन्देही | ने.क.पा. (एमाले) |
| ४. | मध्यपश्चिमाञ्चल विकास क्षेत्र | श्री वीरबहादुर सिंह लुङ–३, प्यूठान | ने.क.पा. (एमाले) |
| ५. | सुदूरपश्चिमाञ्चल विकास क्षेत्र | श्री मोहनबहादुर बम दिपायल सिलगढी, न.पा.–१, डोटी | ने.क.पा. (एमाले) |

## सूचना ३

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (न) बमोजिम राष्ट्रियसभाका सदस्यहरूमध्ये २०५४ साल असार १२ गते पदावधि पूरा भई मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा निर्वाचन हुन नसकी बाँकी रहेको राष्ट्रियसभा सदस्यको एक स्थान पूर्ति गर्नको लागि विक्रम सम्वत् २०५६ साल असार १३ गते सम्पन्न भएको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका श्री बालाराम घर्तीमगर मिझीङ–५ रोल्पा, राष्ट्रियसभा सदस्यमा निर्वाचित हुनु भएकोले राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ३३ को उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
राममणि रिसाल
निर्वाचन आयोगको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

३६८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।